सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालयरुकुम पूर्व

# विपद् व्यवस्थापन सम्बन्धी जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वको

## QRT/ IRT परिचालन योजना २०७७/०७८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

प्रमुख जिल्ला अधिकारी - राज कुमार राई

प्रहरी नायव उपरीक्षक - गजुसिद्धि बज्राचार्य

सशस्त्र प्रहरी नायव उपरीक्षक - सुदन आचार्य

प्रमुख अनुसन्धान अधिकृत - प्रविन पनेरु

सह-सेनानी - आश्विन मल्ल

स प्र जि अ - अञ्जु पोखरेल

# QRT/IRT परिचालन योजना

# नेपाली सेना तर्फ

## परिचय

रुकुम पूर्व जिल्ला प्राकृतिक विपद्को हिसाबले संवेदनशिल जिल्ला भएको हुंदा यस जिल्लामा प्राकृतिक विपद् जस्तै भु-कम्प, बाढि पहिरो, हावाहुरी, चट्याङ् आदिले जुनसुकै समयमा पनि प्रभाव पार्न सक्ने संभावना बढि रहेको छ ।

## योजनाको औचित्य

विपद्को घडीमा तत्काल उद्दार गर्न, पिडितलाई सम्बोधन गर्न, क्षतिलाई न्युनीकरण गर्न, थप क्षती हुन नदिन एवं विपद् व्यवस्थापनमा तत्काल सहयोग गर्न यो QRT/IRT योजना निर्माण गरिएको हो ।

## उद्देश्य

यस गुल्मको जिम्मेवारी क्षेत्रमा आईपर्न सक्ने संभावित बिपद व्यवस्थापन कार्यमा गरिने उद्धार तथा राहत कार्यको योजना तयार गरि जानकारी गराउनु हो ।

## तरिका

बिगतमा देशका बिभिन्न भागहरुमा आई परेको विपद्को दौरान उद्धार कार्यमा सिमित श्रोत साधनको बावजुत गर्दै आएको प्रशंसनिय र सह्रानिय कार्यहरु Evacuation, Rescue, Relief तथा Rehabilitation Operation मा नेपाली सेनाको अति महत्वपुर्ण भुमिका रहदै आएको छ । त्यसैले यस गुल्मको जिम्मेवारी क्षेत्र रुकुम पुर्व जिल्लामा आउन सक्ने बिपद्हरुको उद्धार तथा राहत कार्यको लागि तयारी, कारवाही र पुनर्स्थापना तहमा गर्ने कार्यहरुको योजना निम्नानुसार तयार गरिएको छ ।

## यस गूल्मको जिम्मेवारी ईलाकाको विभाजन

| सि.नं. | तैनाथ रहेको स्थान | जिम्मेवारी | स्ट्याण्वाई रहने फौज | स्थानहरु | कै. |
|---|---|---|---|---|---|
| १ | सु.गुल्म रुकुमकोट | "ग" गुल्म | "ग" गुल्मको १ x से.मु.माईनस | ३ वटा गाउपालिका (सिस्ने, पुथाउत्तरगंगा र भुमे) | |

गुल्मको जिम्मेवारी ईलाकामा भएको घनाबस्तीहरु: रुकुमकोट, रानीकोट, थकना, साकिम, सिमा, मान्डा महतगांउ तक्सेरा आदी रहेका छन ।

## विपद आउंदा, विपद पश्चात र अन्य विपदको अवस्था समेत आईपरेमा गर्ने कारवाहीको योजना

(क) मुख्य विपद पश्चात अन्य विपदको अवस्थाबाट सम्भावित खतरा भएमा सो को पुर्वानुमान गरि सोबाट हुन सक्ने क्षति न्युनिकरण र रोकथाम गर्न स्थानिय प्रशासन र प्रहरी संग समन्वय गरि विपद् पश्चातको विपद् वारे जोखिमपुर्ण क्षेत्रका स्थानिय जनतालाई सचेत गराउने ।

(ख) विपद पश्चातको विपदबाट हुनसक्ने सम्भावित जोखिमबाट सुरक्षित स्थानमा स्थानानन्तरण हुनुपर्ने अवस्था आएमा पिडित जनताहरुको शान्ति सुरक्षा तथा भौतिक सम्पतिको सुरक्षा स्थानिय प्रहरी र स्वयंसेवकहरुबाट गर्ने व्यवस्था मिलाउने ।

(ग) प्रकोपबाट घर, खाद्यान्न बाली तथा जग्गा जमिन समेत पुर्ण रुपमा नोक्सानी भएमा जिल्ला दैवी प्रकोप उद्धार समितिले आवश्यक निर्णय गरि उचित व्यवस्था गरिदिने ।

(घ) उद्धार सामाग्रीको भण्डारणको ब्यवस्थापन गरि रुकुम पुर्व जिल्लाको जुनसुकै क्षेत्रमा प्रकोप आएको अवस्थामा आवश्यकता अनुसार तत्काल पुऱ्याउने व्यवस्था मिलाउने ।

(ङ) प्राकृतिक बिपदमा परेका बस्तिहरुको पहिचान गरि त्यस्ता बस्तिको संरक्षण ब्यवस्था तथा प्रकोप जोखिम रहेको क्षेत्रको Risk Assessment And Hazard Mapping को ब्यवस्था मिलाउने ।

(च) खोज तथा उद्धार कार्यको लागि चाहिने सामाग्रीहरु जिल्ला दैबिक प्रकोप समितिसंग समन्वय गरि मिलाउने ।

(छ) सामाजिक एवं गैह्र सरकारी संघ-संस्थाहरुको समेत सहयोग लिई प्राकृतिक बिपद सम्बन्धि जनचेतना अभिबृद्धी गर्ने कार्य स्थानिय स्तरमा पुऱ्याउने ।

### जिल्लाको क्षमता विश्लेषण

विकासोन्मुख देश भएको हुनाले अहिलेको परिस्थितिमा नेपाल सरकारबाट आपतकालिन अवस्थामा मानवीय सहायताका लागि आर्थिक रूपले प्रचुरमात्रामा सहयोग उपलब्ध गराउन नसकेको अवस्थामा जिल्ला प्रकोप उद्धार समिति अन्तर्गत स्थानीय तथा जिल्ला स्तरमा रहेका आर्थिक तथा अन्य स्रोतहरूलाई प्रभावकारी रूपबाट परिचालन गर्ने उद्देश्यले यो जिल्ला विपद् पर्वु तयारी तथा प्रतिकार्य योजनाको निर्माण गरिएको छ । यस योजना अन्तर्गत सन्दर्भ अनुसार विभिन्न सात क्षेत्रहरू **(Clusters)** प्रष्ट्याइएको छ तथा प्रत्येक क्षेत्रले जिल्लामा रहेका स्रोतहरूको समष्ढिगतरुपमा आंकलन गरी विपद्को अवस्थामा परिचालन गर्ने गरी योजनाको निर्माण गरेको छ । यसका साथै विपद् अवस्थामा परिचालन गर्न स्थानीय स्तरमा निम्नानुसारका संरचनाहरू रहेका छन ।

(क) गा.पा.को कार्यालय : ३ वटा

(ख) इलाका प्रहरी कार्यालय : १२ वटा

(ग) प्रहरी चौकी : १९ वटा

(घ) उप/स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र : ४० वटा

(ङ) उद्योग वाणिज्य संघ अन्तर्गतका बजार केन्द्र : १० वटा

(च) नेपाल रेडक्रस सोसाइटी रुकुम पूर्व जिल्ला शाखा अन्तर्गत : १२ वटा उपशाखा

## विपद् घट्न सक्ने जोखिमपुर्ण संभावित क्षेत्रहरु

(क) **पहिरो** (Land Slide): अधिकांश भुभाग पहाडी भुभाग भएको यस जिल्लामा मानव बस्ती बाग्लो रुपमा रहेको पाईन्छ भने अन्य ईलाकाहरुमा ग्रामिण बस्ती रहको मानव बस्ती समेत छरीएर रहेको पाईन्छ । भौगोलिक संरचनाको हिसाबले उपडखापड रहेको यस जिल्लामा पहिरोबाट बढि क्षती हुने गरेको र बर्षयाममा मुख्य खोलाहरु सानीभेरी खोला आसपासको जमिन कटान गर्ने यस जिल्लाको प्रमुख समस्याको रुपमा रहेको छ । कतिपय अवस्थामा पहिरोले मानव बस्तीमा क्षती पुर्‍याउन सक्ने हुदा त्यस्ता स्थानको पहिचान गरी पुर्व तयारी गर्ने तथा स्थानान्तरणलाई समेत मध्यनजर गरी यस योजना तयार पारीएको छ ।

(ख) **आगोलागी** (Fire): यस गणले रुकुम पूर्व जिल्लामा बिभिन्न प्रकृतिको आगोलागी (घर, गांउवस्ती तथा डढेलो) हुंदा जनताको जिउधनको सुरक्षार्थ परिचालित भई प्रशंसनिय कार्य विगतदेखि गर्दै आईरहेको छ । यस गणको जिम्मेवारी क्षेत्रभित्र आगोलागी हुन गएमा आगोलागी नियन्त्रण कार्यविधी अनुरुप सामग्रीहरुको उपलव्धता, व्यक्तिगत सुरक्षा, आगलागी नियन्त्रणको लागि खट्िने अन्य निकायहरुसंग समन्वय गरि नियन्त्रण गर्ने व्यबस्था मिलाईएको छ ।

(ग) **महामारी** (Epidemic/Pandemic): बिशेष गरी यस जिल्ला अति दुर्गम तथा शिक्षाको पहुच नभएको कारणले गर्दा बर्षै पिच्छे झाडा पखाला र अन्य Seasonal सरुवा रोग फैलिने गरेको देखिएको ।

(घ) **भुकम्प** (Earthquake): सर्व साधारणलाई भुकम्प आएमा अपनाउनु पर्ने सावधानीको वारेमा सचेतना फैल्याउने कार्य जिल्ला दैवी उद्धार समिति तथा सम्बन्धित अन्य संघ संस्थाहरुले गर्नु पर्ने देखिन्छ । भुकम्प आईसकेपछि उद्धार तथा राहत कार्यको लागि जिल्ला दैवि प्रकोप उद्धार समिति संग समन्वय गरि फौज परिचालन गर्ने गरि तयारी हालतमा राखिएको छ ।

## खतरा तथा जोखिमको विश्लेषण

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुकुम पूर्व , जिल्ला विकास समिति तथा स्वास्थ्य कार्यालयबाट बिगत तीन बर्षको विपद/प्रकोप सम्बन्धी तथ्याङ्कको आधारमा स्थानहरु लाई प्रकोपको जोखिमताको आधारमा वर्गीकरण गरिएको छ । यसको आधारमा उच्च तथा मध्यम जोखिममा रहेका गाबिसहरुको समुदायहरु कालागि पुर्वतयारीका लागि चाहिने श्रोतको आंकलन गरिएको छ । स्थान अनुसार जोखिमताको अवस्था निम्न तालिकामा प्रष्ट पारिएको छ ।

| प्रकोपको प्रकार | प्रभावित स्थानहरु |
|---|---|
| बाढी/पहिरो | तक्सेरा, रुकुमकोट, पांम, सिस्ने |
| आगलागी | गुर्जेनी डाडा, सूनढले लेक, मौराडाडा |

राज कुमार राई
प्रमुख जिल्ला अधिकारी

उद्धार तथा राहत कार्यको लागि खटाउने फौजको योजना र जिल्ला स्थित विभिन्न Cell हरुबाट विपदको अवस्थामा खेल्नु पर्ने भुमिका

११. फौजको बांडफांड

(अ) गुल्म हे.क्वा. (ईन्फेन्ट्री फौज) उद्धार कार्यको लागि ।

(आ) गुल्मको से.मु.प्लस (ईन्फेन्ट्री फौज) उद्धार कार्यको लागि ।

(इ) १x (-)सेक्सन ईन्जिनियर टोली ।

(ई) मेडिकल नर्सिङ्ग अर्दली २ जना ।

(उ) रिजर्भको लागि गुल्म हे.क्वा. १xसे.मु.

(ग) Disaster Center Cell को स्थापना र स्थान

Disaster Cell Center: भुमे गा.पा.को खावा वगर गा.पा.कार्यालयमा पायक पर्ने ।

(घ) Disaster Cell हरुबाट विपद्को अवस्थामा खेल्नु पर्ने भुमिका

(१) कुनै विपद्को घटना घट्नासाथ वा जिल्ला (दैवी) प्रकोप उद्धार समितिको निर्णय अनुसार उद्धार/राहत कार्यको लागि उद्धार सामग्री सहित आवश्यकता अनुसारको फौज चांडो भन्दा चांडो परिचालन गर्ने ।

(२) फौज परिचालन तथा स्थान विशेषमा घटेका विपद्को घटना सम्बन्धमा माथिल्लो निकायलाई छिटो साधनद्वारा जानकारी गराउने ।

(३) विपद् घटेको स्थानको Damage Assessment तथा Need Assessment तयार गरी तालुक अड्डामा यथासिघ्र चांडो पठाउने ।

(४) स्थानीय तहमा स्थापना गरिने EOC स्थापना कार्यमा सहयोग गर्नका साथै उक्त निकायसंग लगातार सम्पर्क/समन्वय गर्ने र आवश्यकता अनुसार खटाउने ।

(५) जिल्ला तहमा उद्धार कार्यमा जुटेका सम्बन्धित निकायहरुसंग लगातार समन्वय गर्नका साथै आवश्यक सहयोग गर्ने ।

(६) विपद् प्रभावित ईलाकामा शान्ति सुव्यवस्था कायम गर्न स्थानीय प्रशासनलाई मद्दत गर्ने ।

विपद् व्यवस्थापन कार्यमा खट्टिने फौजको पुर्व तयारी, क्षति न्युनिकरणको कार्वाही र पुर्नस्थापना तहमा गर्ने कार्य योजना

१२. (क) गुल्मको जिम्मेवारी क्षेत्रमा विपद् आएको खण्डमा उद्धार कार्यको लागि निम्न योजना अनुसार फौज परिचालन हुनेछ ।

(१) पहिलो तह फौजको तयारी

महतगांउ ईलाकामा गुल्म हे.क्वा.बाट १x से.मु.एकत्रित गरिने छ ।

(२) दोश्रो तह फौजको डिप्लाईमेन्ट उद्धार कार्यको लागि फौजको डिप्लाईमेन्ट निम्न अनुसार हुनेछ ।

| सि.नं | गुल्म हे.क्वा. | कमाण्डर | नफ्रि | डिप्लाईमेन्ट हुने स्थान | कै. |
|---|---|---|---|---|---|
| १ | गुल्म हे.क्वा. | अधिकृत | १×से.मु. प्लस | रुकुमकोट ईलाका | |
| २ | नं.१ से.मु. | पदिक | १×से.मु. | खावा वगर | |

(३) <u>तेस्रो तह</u> फिर्ताको कारवाही उद्धार कार्य सम्पादन भएपछि र स्थिती सहज भएपश्चात गण हे.क्वा.को निर्देशन बमोजिम फौज आ आफ्नो लोकेशनमा फिर्ता हुनेछ ।

(ख) **<u>Debris Management:</u>** विपद् गएपश्चात् हुने अबशेषहरुलाई त्यसको प्रकृति छुट्टयाई ढुंगा तथा माटोहरुलाई विपद्ले बनाएको खाडलहरु पुर्ने । Recycle गरी पुर्ननिर्माण गर्न सकिने बस्तुहरुलाई Recycle Center मा पठाउने व्यवस्था मिलाउने तथा काममा लिन नसकिने जलाउन मिल्ने बस्तुहरुलाई बस्तीहरु देखि टाढा निश्चित ठाउंमा लगी जलाउने व्यबस्था गर्ने ।

(ग) **<u>VA/VP को स्थान र सुरक्षा योजना</u>**

(१) **<u>रुकुमकोट ईलाकामा</u>** सुरक्षाको लागि यस गुल्मबाट १ सेक्सन तैनाथ ।

(२) **<u>खावा वजार</u>** सुरक्षाको लागि यस गुल्मबाट १ सेक्सन तैनाथ ।

(ङ) **<u>पुल र सडकमा पर्न सक्ने असरको मुल्याङ्कन र तिनिहरुलाई सुचारु राख्ने:</u>** यस जिल्लामा रहेको मुख्य राजमार्ग तथा सहायक मार्गहरुमा अनगिन्ती रुपमा रिईन्ट्रेन्ट तथा घुम्तीहरु पाईन्छन् । सो रिईन्ट्रेन्टहरुमा रहेको मार्ग अबरुद्ध हुनसक्ने संभावना प्रवल देखिन्छ । सो को लागि जनशक्ति वा बिभिन्न साधनको सहायताले मार्ग खोल्नुपर्ने देखिन्छ । यस जिल्लामा पर्ने मुख्य पुलहरुमा रुकुम पूर्वको सिमानामा पर्ने भिंग्रीको पुल र खुंग्रीको पुल पर्दछन् । सो पुलहरु भत्किएको खण्डमा तत्कालको लागि बेलीबृजको स्थापना गर्नुपर्ने देखिन्छ । बेलीबृजको स्थापना नहुन्जेल सम्मको लागि नदिको वहाव कम भएको ठाउंहरुबाट River Crossing Drill को उपायहरु अपनाउनु पर्ने देखिन्छ ।

(च) **<u>घाईते तथा पिडितलाई Medevac गर्ने:</u>** घाईते तथा बिरामीहरुलाई उपचार केन्द्रसम्म ल्याउनको लागि सवारी साधन चल्न सक्ने ठाउंहरुमा एम्बुलेन्स तथा सवारीका साधनहरुबाट उपचार केन्द्र सम्म ल्याईने छ । सवारीका साधनहरु नचल्ने ठाउंहरुमा घाईतेको प्रकृति हेरी साधारण चोटपटक लागेकाहरुलाई पैदल तथा गम्भिर घाईते भएकाहरुलाई स्ट्रेचरमा राखी उपचार केन्द्रसम्म ल्याउने व्यबस्था गरिने छ । घाईतेको स्थिति अतिनै संवेदनशिल भएमा हेलिकप्टरद्वारा तुरुन्त नेपालगंन्ज र बुटवल स्थित अस्पताल तथा काठमाण्डौं स्थित अस्पतालहरुमा पठाईने छ । साथै मेडिभ्याक गर्दा निम्न कुराहरुलाई मध्यनजर राखिनेछ ।

(१) सम्बन्धित ईलाकामा खट्टिएको फौज अन्य सुरक्षा निकाय मेडिकल टिम, संघ संस्था आदिले छुट्टा छुट्टै कार्य नगरि संयुक्त रुपमा एउटै टिम भएर काम गर्दा घाईतेलाई पछाडी हटाउन सजिलो हुने देखिन्छ ।

(२) घाईतेलाई उपलब्ध मेडिकल टिमले सोहि स्थानमै प्राथमिक उपचार दिने र मेडिकल टिमको सिफारिसमा घाईतेहरुलाई बर्गिकरण गरि प्राथमिकताको आधारमा पछाडी हटाउने र यस्ता घाईतेहरुको रेकर्ड समेत राख्ने ।



कुमार राई
अधिकारी

(३) उपलब्ध एम्बुलेन्सहरुलाई जोखिमपुर्ण ईलाकाहरुमा समान रुपले उपलब्ध गराउने ।

(४) घाईते पछाडि हटाउंदा एम्बुलेन्स बाहेक अन्य सरकारी गैरसरकारी, प्राईभेट तथा भाडाको सवारी साधनहरु समेत प्रयोग गर्ने ।

(५) घाईतेहरुलाई नजिकको अस्पतालमा लग्ने र अस्पतालमा पनि रेकर्ड राख्ने व्यवस्था मिलाउने ।

(६) घाईते पछाडि हटाउंदा Disaster Management Cell संग समन्वय गरि घाईतेहरुलाई कम चाप परेको अस्पतालहरुमा लान फिल्डमा खट्टिएको टोलीलाई जानकारी उपलब्ध गराउने ।

(७) घाईतेलाई पछाडि हटाउंदा सम्भव भएमा घाईतेको नजिकको नातेदार वा पहिचान गर्ने व्यक्तिलाई जानकारी गराउने ।

## विपद् व्यवस्थापन कार्यको सुरक्षा योजना

(क) **प्रभावित क्षेत्रको सुरक्षा** प्रभावित क्षेत्रहरुको सुरक्षाको लागि जिल्ला प्रशासनसंग समन्वय गरी जिल्ला स्थित रहेका जनपद प्रहरीहरु परिचालन गरी सुरक्षा प्रदान गरिने छ । साथै आवश्यक परेको खण्डमा स्थानीय संघ संस्था, जनप्रतिनिधीहरु तथा क्लवको व्यक्तिहरुलाई पनि परिचालन गरिने छ ।

(ख) **हुल नियन्त्रण र सुरक्षा कार्य** जनपद प्रहरीले जिल्ला प्रशासनसंग समन्वय गरी बनाईएको योजना अनुसार नै हुल नियन्त्रण र सुरक्षा प्रदान कार्य गर्नेछ । विशेषत प्रहरीले निम्न स्थानहरुमा विशेष सुरक्षाको साथै मोबाईल गस्ती समेत बढाउने छ ।

(१) सदरमुकाम रुकुमकोट

(२) मध्य पहाडी लोक मार्ग

(ग) **मृत शरिरको व्यबस्थापन/बेपत्ताको रेकर्ड/घाईतेको रेकर्ड राख्ने व्यबस्था** जिल्ला प्रशासन संगको समन्वय गरि घाईते मृत्यु र बेपत्ता हुनेको रेकर्ड निम्नानुसार मिलाउने छ ।

(१) उद्धार कार्यमा खट्टिएको नेपाली सेना, जनपथ प्रहरी, अन्य संघ संस्था, क्लव तथा स्वयंसेवकहरुको संयुक्त रुपमा हरेक स्थान कार्यालय, वडा कार्यालय अन्तरगत कमिटि बनाउने ।

(२) उक्त कमिटिले स्थान तथा वडा कार्यालय मार्फत् उक्त स्थान वडामा बस्ने बासिन्दाको घाईते, मृत्यु तथा वेपत्ता भएको हरुको रेकर्ड तयार गर्ने ।

(३) यसरी तयार गरेको रेकर्ड हरेक दिनको १८०० बजे गुल्म हे.क्वा. हुदै गण हे.क्वा. मार्फत् Disaster Cell Center मा उपलब्ध गराउने ।

(४) घाईते मृत्यु तथा वेपत्ता भएको छुट्टा छुट्टै फाराम तयार गरि छुट्टै रेकर्ड समेत राख्ने ।

(५) मृत्यु भएका व्यक्तिहरुलाई परिवारको सहमतिमा सामुहिक रुपमा दाहसंस्कार गर्न व्यवस्था मिलाउने ।



कुमार राई
ना अधिकारी

(घ) **<u>दैनिक आवश्यक साधन (Sanitation, Water, Food supply) को बितरण</u>** विपद् पश्चात भएको नाजुक अवस्थालाई जतिसक्दो चांडो सामान्य स्थितीमा ल्याउन अति जरुरी हुन्छ । त्यसको लागि सडक खुलाउने कार्य, घाईतेलाई उद्धार साथै मृतकको पनि चांडो भन्दा चांडो व्यवस्थापन गर्नु जरुरी हुन्छ । अन्यथा संक्रमित रोगहरु फैलन गई स्थिती झन जटिल हुन सक्ने सम्भावना रहन्छ । तसर्थ स्थितीलाई सामान्य रुपमा ल्याउन न्युनतम दैनिक आवश्यकको लागि चाहिने सरसामानहरु विशेषत खाद्य सामग्री, पानी, बिजुली, औषधिहरु आवश्यक मात्रामा उपलब्ध हुनु जरुरी देखिन्छ ।

(१) **<u>गुल्मको जिम्मेवारी क्षेत्रमा दैनिक आवश्यक साधनको सप्लाईको निम्न अनुसार व्यवस्था गरिनेछ</u>** ।

(अ) <u>पानी</u> (Water)

(कक) खाने पानी संस्थान तथा सुरक्षा निकायहरुमा भएका दक्ष जनशक्ति (प्राविधिक) को सहायताले कुन कुन स्थानमा पानीको सप्लाई अवरुद्ध भएको हो । त्यसको एकिन गरि मरामत गरि पानीको सप्लाईलाई सुचारु गर्ने ।

(कख) सरकारी निकायहरुमा भएको पानी ट्याङ्कर तथा प्राईभेट पानी ट्याङ्करको मद्दतबाट स्थानीय जनताहरुसंग समन्वय गरि आवश्यकता अनुसार पानीको वितरण गर्ने ।

(कग) पानीको वितरण गर्दा प्रति व्यक्ति प्रति परिवार न्युनतम आवश्यकतालाई मध्यनजर राखि वितरण गर्ने ।

(आ) <u>बिजुली:</u> घना आवादी भएको क्षेत्रमा भएको क्षेतिलाई तथा विजुली (करेन्ट) बाट हुन सक्ने थप क्षेतिलाई समेत मध्नजर राखि आवश्कता अनुसार क्षेत्र/ईलाका छुट्याई एकिन गरेर मात्र नेपाल विद्युत प्राधिकरण र सुरक्षा निकाय तथा अन्य गैर सरकारी निकायमा भएका दक्ष प्राविधिकहरु प्रयोग गरि क्षेति भएको विद्युतको लाईन ट्रान्सफरमर आदिको मरामत गर्ने ।

(इ) <u>खाद्यान्न</u> (Food)

(कक) यस गुल्मको जिम्मेवारी ईलाकाको मुख्य बजारहरु घर्तीगांउ, सुलीचौर, खुंग्री र सदरमुकाम लिवाङ्ग भएका खाद्यान्न स्टोरहरुमा रहेका खाद्यान्नहरुलाई स्थानीय प्रशासनको सहयोगमा नजिकको स्थानमा स्टोर गरिने छ ।

(कख) उपरोक्त स्टोरबाट आवश्यकता अनुसार प्रहरी, सरकारी निकायहरुका कर्मचारी तथा जनप्रतिनिधीहरुको टोलीले खाद्यान्न वितरण गर्ने व्यवस्था मिलाउने छ ।

(कग) आवश्यक पर्ने खाद्यान्न नेपाल खाद्य संस्थानबाट उपलब्ध गराईने छ ।

(कग) ठुलो जनधन तथा मानविय संकट तथा खाद्य संकटको समयमा अन्तराष्ट्रिय समुहहरुबाट पनि सहायता उपलब्ध हुने हुंदा जिल्लामा उपलब्ध भएका खाद्य तथा अन्य वस्तुहरु वितरण गर्ने व्यवस्था मिलाउने ।

(ई) **<u>Sanitation:</u>** विपद् पश्चात जनधनको क्षेति मात्र नभई फोहोरहरु थुप्रन गई संक्रमणको अवस्था (जस्तै हैजा, झाडापखाला आदि) फैलन जाने प्रचुर सम्भावना रहेको हुन्छ । तसर्थ रोग फैलन नदिनको लागि दक्ष स्वास्थ्य कर्मी वा सुरक्षा फौजको दक्ष नर्सिङ्ग अर्दलीहरुको प्रयोग गरि सम्बन्धित निकाय (जिल्ला स्वास्थ्य

कार्यालय) बाट उपलब्ध हुने औषधिहरु समयमै त्यस्तो सम्भावना रहेको क्षेत्रमा वितरण गरिने छ ।

**<u>बाढि तथा पहिरो पिडीतहरुलाई उद्धार गरी राख्न, खाद्य तथा औषधी स्टोर गर्न उपयुक्त स्थान तथा infrastructure</u>**

यस गुल्मको जिम्मेवारी ईलाकामा उपयुक्त स्थानहरु निम्नानुसार रहेको छ ।

(क) नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा रुकुम पूर्व तथा उपशाखाहरु

(ख) जिल्ला समन्वय समिति रुकुम पूर्व

(ग) गाउपालिकाहरु

(घ) जिल्ला वन कार्यालय रुकुम पूर्व

(ङ) जिल्ला भु संरक्षण कार्यालय रुकुम पूर्व

(च) गैर सरकारी संस्था महासंघ रुकुम पूर्व

(छ) उद्योग बाणिज्य संघ रुकुम पूर्व

यस गुल्ममा भएका विपद् व्यबस्थापनका सामान (ईक्युपमेण्ट) हरुको विवरण **परिशिष्ट "क"** मा समावेश गरिएको छ ।

<u>बिशेष निर्देशन</u>

(क) तैनाथ भएको फौजले फायर खोल्नू पर्ने अवस्थामा Rules of Engagement (ROE) लाई मध्यनजर राख्दै कम शक्तिको प्रयोग (Use of Minimum Force) र Aid to Civil Power को सिद्धान्तलाई कडाईका साथ अवलम्वन गर्नेछ ।

(ख) मानव अधिकार सम्बन्धी ऐन तथा कानूनहरुलाई पूर्ण रुपमा पालना गर्नेछ ।

(ग) स्थानीय जनतामा नकारात्मक प्रभाव पर्ने कार्य तथा गैह्र सैनिक व्यक्तिहरुको सम्पतिहरुलाई क्षति हूने कूनैपनि कारवाही गर्न सक्ने छैन ।

(घ) स्थान विशेषमा तोकिएको सेक्टर कमाण्डरको आदेश बिना कसैले पनि फायर गर्न सक्नेछैन ।

(ङ) अन्य सूरक्षा फौजसंग उच्च स्तरको समन्वय कायम गर्ने ।

(च) सैनिक आचरणमा रही चूस्ती फूर्तिका साथ कार्य सम्पादन गर्ने ।

(छ) घटनाको पतिवेदन सम्बन्धित कमाण्डरलाई निरन्तर गरिरहने ।

(ज) फौजको आराम र रिलिफको उचित व्यवस्था गर्ने ।

(झ) अपरेशनको योजना अनुसार तर्तिबार Move गर्ने र सैनिक अनुशासनलाई पुर्ण रुपमा पालना गरी सैनिक आचरण विपरित हर्कत नगर्ने ।

(ञ) कारवाहीको दौरान अनावश्यक हर्कत गर्न सक्ने छैन ।

(ट) कारवाहीको दौरान विना आदेश धुम्रपान र मदिरा सेवन गर्न पाईने छैन ।

परिशिष्ट "क"

पाना ८ को

प्यारा १५ संग सम्बन्धित

खड्गदल गण (सु.गुल्म रुकुमकोट) मा भएका बिपद् व्यवस्थापनका सामाग्रीहरुको विवरण

| सि.नं. | सामानको नाम | एकाई | परिमाण | साबुत | कै |
|---|---|---|---|---|---|
| | लाईफ ज्याकेट | गोटा | १० | साबुत | गण हे.क्वा.बाट प्राप्त |
| १. | पिक | गोटा | ३० | साबुत | " |
| | | | | | " |
| २. | सावेल | गोटा | ३० | साबुत | " |
| ३. | बन्चरो | गोटा | २ | साबुत | " |
| ४. | हंसिया | गोटा | ५ | साबुत | " |
| ५. | जस्ताको वाल्टिन | गोटा | ५ | - | " |
| ६. | रोप | रोल | २ | साबुत | " |
| ७. | ल्याडर | गोटा | १ | ,, | " |
| ८. | क्याराबिना | गोटा | २ | ,, | " |
| ९. | क्याम्पिङ्ग लाईट | गोटा | १ | ,, | " |
| २. | Swatter | गोटा | ५ | सावुत | " |
| ३. | Shovel | गोटा | २ | सावुत | " |
| ४. | Rake | गोटा | २ | सावुत | " |
| ५. | Rake-Hoe | गोटा | २ | सावुत | " |
| ६. | Axe-Hoe | गोटा | २ | सावुत | " |
| ७ | First-Aid | गोटा | २ | सावुत | " |
| ८ | Jumpsuit | गोटा | २ | सावुत | " |

## सार

उद्धार र राहत कार्यमा यस गुल्मले गरेको सह्रायिन कार्यबाट यस गुल्मको साथै समस्त नेपाली सेना प्रति स्थानिय जनताको आस्था र विश्वास बढ्दै गएको देखिन्छ । जिल्लामा हुने यस्ता उद्धार तथा राहत कार्यलाई अझ प्रभावकारी रुपमा सम्पादन गर्न प्रकोपको सम्भाव्यता हेरी आवश्यक उद्धार सामाग्री उपलब्ध गराउनुको साथै उचित र स्तरिय तालीमको व्यवस्था गर्न आवश्यक देखिन्छ । श्री खड्गदल गुल्म प्रति सबैको बिश्वास र अपेक्षालाई पुरा गर्न यस गुल्म विपद् व्यवस्थापन लाई समेत आफनो जिम्मेवारी ठानी आफ्नो सिमित श्रोत, साधन र ज्ञानको अधिकत्म उपयोग गरि सदा तयार रहेको छ ।

# नेपाल प्रहरी तर्फ

१. विपद्को पृष्ठभुमी

रुकुम पूर्व जिल्ला प्राकृतिक प्रकोपको दृष्टिकोणले जोखिमपूर्ण जिल्ला हो । विशेष गरी बाढी, पहिरो, आगलागी, हुरीवतास लगायतको प्रकोपको कारण वर्षेनी ठूलो मात्रामा जनधनको क्षति हुने यस जिल्लामा पछिल्लो समय विकासका नाममा योजनाविना अव्यवस्थित रुपमा खनिएका ग्रामिण सडकले गर्दा प्राकृतिक प्रकोपको जोखिम झनै बढाएको छ । मनसुनको समयमा हरेक वर्ष स्थानीय नागरिकहरुलाई प्राकृतिक प्रकोपको कारणले त्रसित बनाउनुका साथै विभिन्न किसिमका कठिनाईहरुको सामना गर्नुपर्ने वाध्यता समेत रहेको छ ।

२. यस वर्षको विपद् सम्बन्धी अनुमानः

- विगतका वर्षहरुमा भएको प्राकृतिक प्रकोपको अवस्थालाई मध्यनजर गर्दा यस वर्षको मनसुन छिटो सक्रिय भएको हुँदा यस वर्ष पनि बाढी, पहिरो लगायतका प्राकृतिक प्रकोपको जोखिम उच्च रहेको ।
- यस जिल्लाको भौगोलिक अवस्थिति हिम श्रृङ्खला र मध्य पहाडी भेग समेत समेटिएको हुँदा वर्षातको समयमा तुलनात्मक रुपमा बढी वर्षा भई भु-क्षय तथा बाढी पहिरो गई धनजनको क्षति हुन सक्ने सम्भावना अधिक रहेको ।
- भौगोलिक विकटताका कारण यस जिल्लाको अधिकांश भागहरुमा सवारी आवागमन तथा टेलिफोन सेवाको भरपर्दो सुविधा नभएका कारण पिडित व्यक्ति तथा समुदायलाई तत्काल राहत, उद्दार तथा व्यवस्थापन समेतका कार्यहरु गर्न कठिन रहेको ।

३. विपद्बाट हुन सक्ने हानी नोक्सानीः

- वर्षात सँगै हुने भु-क्षय तथा बाढि पहिरोको कारण खेतबारी तथा घरगोठ बगाउन सक्ने ।
- मानवीय तथा पशु चौपायको क्षति हुन सक्ने ।
- राजमार्ग तथा सहायक मार्गहरुमा क्षति पुगि सवारी मार्ग अवरुद्ध हुन सक्ने ।
- विद्युत, टेलिफोन, खानेपानी लगायतका अत्यावश्यक सेवाहरुमा क्षति पुगी अवरुद्ध हुन सक्ने ।
- गाउँ बस्तीहरु जोखिममा पर्न सक्ने ।

४. विपद्को सामना गर्न अपनाईएको पूर्व तयारीः

- मनसुन सुरु हुनु पूर्व नै जिल्ला तथा स्थानीय स्तरमा गठित विपद् पूर्व तयार एवं प्रतिकार्य समितिको बैठक बसी आवश्यक रणनीति तथा कार्ययोजना तयार गरिएको ।
- तत्काल विपद् उद्धारमा परिचालन गर्नको लागि जि.प्र.का. मा प्र.नि.को कमान्डमा ३० जना र मातहत ईकाइहरुमा जु.प्र.अ. को कमान्डमा ७५ जना गरी जम्मा १०५ जनाको उद्धार टोली तयार गरी स्टेण्डवाई राखिएको ।
- जिल्ला प्रशासन तथा अन्य सरोकारवाला निकायहरु सँग आवश्यक समन्वय गरी विपद् उद्धार सामाग्रीहरु तयारी हालतमा राखिएको ।
- विपद् बाट प्रभावित व्यक्ति तथा परिवारहरुलाई उद्धार पश्चात अस्थायी रुपमा राख्नका लागि सुरक्षित स्थानहरुको पहिचान गरिएको ।
- विपद् बाट क्षति भएका बाटाघ्राटाहरु तत्काल मर्मत गर्नका लागि सम्बन्धित पक्षहरुसँग समन्वय गरी जे.सि.वि. तथा स्काभेटर स्टेण्डवाई राख्ने व्यवस्था मिलाईएको ।
- यस जिल्लास्थित रहेका स्थानीय निकायहरुसँग समन्वय गरी विपद् न्यूनिकरण तथा सोबाट बच्ने उपाय सम्बन्धी अन्तर्क्रिया तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने गरिएको ।



कुमार राई
अधिकारी

## ५. विपद् उद्धारमा परिचालित जनशक्तिः

| सि.नं. | युनिटको नाम | पालिकाको नाम | परिचालन जनशक्ति संख्या | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.नि. | प्र.ना.नि. | प्र.स.नि. | प्र.ह. | प्र.ज. | जम्मा | |
| १ | जि.प्र.का. रुकुम पूर्व | सिस्ने गाउ पालिका सिस्ने | १ | १ | ३ | ९ | १६ | ३० | |
| २ | अ.प्र. पोष्ट धाउने, रुकुम पूर्व | | - | - | १ | १ | ३ | ५ | |
| ३ | अ.प्र. पोष्ट धपे, रुकुम पूर्व | | - | - | १ | १ | ३ | ५ | |
| ४ | ई.प्र.का. प्वाङ, रुकुम पूर्व | | - | - | १ | १ | ५ | ७ | |
| ५ | ई.प्र.का. तकसेरा, रुकुम पूर्व | पुथा उत्तरगगा गाउ पालिका | - | - | १ | १ | ६ | ८ | |
| ६ | प्र.चौ. हुकाम, रुकुम पूर्व | | - | - | १ | १ | ३ | ५ | |
| ७ | प्र.चौ. जाङ, रुकुम पूर्व | | - | - | १ | १ | ३ | ५ | |
| ८ | ई.प्र.का. रन्मामैकोट, रुकुम पूर्व | | - | - | १ | १ | ६ | ८ | |
| ९ | अ.प्र. पोष्ट कोल, रुकुम पूर्व | | - | - | १ | १ | ३ | ५ | |
| १० | ई.प्र.का. काँक्री, रुकुम पूर्व | भुमे गाउ पालिका | - | - | १ | २ | ६ | ९ | |
| ११ | ई.प्र.का. चुन्वाङ, रुकुम पूर्व | | - | - | १ | १ | ६ | ८ | |
| १२ | प्र.चौ. लुकुम, रुकुम पूर्व | | - | - | १ | १ | ३ | ५ | |
| १३ | अ.प्र. पोष्ट महत, रुकुम पूर्व | | - | - | १ | १ | ३ | ५ | |
| जम्मा | | | १ | १ | १५ | २२ | ६६ | १०५ | |

यस कार्यालयमा रहेका विपद् उद्धार सामाग्रीहरुको विवरणः

| सि.नं. | सामग्रीको नाम | परिमाण | कै. |
|---|---|---|---|
| १ | लाईफ ज्याकेट | २३-थान | |
| २ | सेफ्टी वेल्ड | ७-थान | |
| ३ | क्यारा बिनर | २- थान | |
| ४ | रुपडोरी | २- रोल | |
| ५ | रवर ट्यूव | २ थान | |
| ६ | बाल्टिन | ६ थान | |
| ७ | हेल्मेट | ७ थान | |
| ८ | टेन्टपाल | ३ थान | |
| ९ | बेल्चा | १४ थान | |
| १० | गैती | १९ थान | |
| ११ | सब्बल | ६ थान | |
| १२ | घन | ४ थान | |
| १३ | आरा | २ थान | |
| १४ | बन्चरो | ३ थान | |
| १५ | स्टेचर | २ थान | |
| १६ | गमबुट | ४ जोर | |



कुमार राई
अधिकारी

| | | | |
|---|---|---|---|
| १७ | Almunium Ladder | | |
| १८ | Short Cilling | | |
| १९ | Zoomer Pully | | |
| २० | Panza | | |
| २१ | Vaxo | | |
| २२ | Cave Light | | |
| २३ | Light (Helobian) | | |

## सशस्त्र प्रहरी वल तर्फ

१. पृष्ठभूमिः

शान्ति सुरक्षा, अमयनचयन तथा सु-व्यवस्था मानिसको संवेदना सँग जोडिएको हुन्छ । जिल्लाको समग्र ईतिहासलाई केलाएर हेर्ने हो भने मध्यकालीन बाईसे, चौबिसे राज्यहरू मध्यको पाँच राज्यहरू रूकुमकोट, मुसिकोट, बाँफिकोट, आठबिसकोट र जहारीकोट यस जिल्लामा पर्दथे । बि.सं. २०३० साल अघी सम्म यस जिल्लाको सदरमुकाम रूकुमकोट (तत्कालिन शोभा गा.बि.स.) रहेको थियो । यस जिल्लालाई बाउन्न पोखरी त्रिपन्न टाकुरीको नामले पनि चिनिन्छ । जिल्ला स्थित कमलदह, पुपाल दह, सुनदह, गुप्तादह, सम्पे ताल, देउराली गुफा, पुथा हिमाल, सिस्ने हिमाल आदि महत्वपूर्ण पर्यटकिय स्थल हुन भने बराह मन्दिर बिन्धाबासिनी मन्दिर, शिव जी मन्दिर महत्वपूर्ण धार्मिक स्थलहरुको रुपमा रहेको छ ।

## २.उद्देश्यः-

सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म रुकुम पूर्वले जिल्लाको समग्र बस्तु स्थिति, बिपद व्यवस्थापन लगायत सम्पुर्ण शान्ति सुरक्षाको व्यवस्था गर्नु हो ।

## ३.सुरक्षा योजनाः-

यस रुकुम पूर्व जिल्लामा हुने बिबिध प्रकारका सुरक्षा खतरा लाई मध्यनजर राखी समग्र जिल्लाको शान्ति सुरक्षा व्यवस्था लाई प्रभावकारी बनाउन र आम जनमानसमा भय डर त्रास हटाई राज्य सरकारको उपस्थिति देखाउने उद्देश्यले समग्र जिल्लाको शान्ति सुरक्षा कायम राखको लागि निम्न अनुसारको जिल्लाको Q.R.T. सुरक्षा योजना बनाईएको छ ।

निम्नः

क) पट्रोल डियुटी

| से.नं. | खटिने युनिट | ड्यूटी खटीने ईलाका | कमाण्डरको | | कलसाईन | सम्पर्क नं. | न फ्रि | हा.ह.तथा असभावका सामानहरु | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्जा | नामथर | | | | | |
| १. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ र ६ सदुरमुकाम बजार ईलाका | सप्रनानि | चित्र बहादुर खड्का | GQ-3 | ९८४१४०८०९४ | ११ | SLR-३ म्या.-९, रा.-३००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| २. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ सदुरमुकाम बजार ईलाका | सप्रसनि | तारा चन्द्र शर्मा | GQ-5 | ९८४५२३९७३७ | ७ | SLR-२ म्या.-६, रा.-२००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | यस कार्यालमा स्टेनबाई | सप्रनि | सत्य कुमार बुढाथोकी | GQ-२ | ९८५७८८९००० | १३ | SLR-३ म्या.-९, रा.-३००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-९,लाठी-९,ढाला-९,हेल्मेट- १३ | |
| ४. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | कमाण्ड पोष्ट (जिल्ला प्रशासन कार्यालय) | सप्रनाउ | सुदन आचार्य | GQ-१ | ९८५१०६३३४८ | ७ | SLR-२ म्या.-६, रा.-२००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |

## ख) आई. आर. टी. डियुटीः-

| से.नं. | खटिने युनिट | ड्यूटी खटीने ईलाका | कमाण्डरको | | कलसाईन | सम्पर्क नं. | न फ्रि | हा.ह.तथा असभावका सामानहरु | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्जा | नामथर | | | | | |
| १. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ र ६ सदुरमुकाम बजार ईलाका | सप्रसनि | तारा चन्द्र शर्मा | GQ-5 | ९८४५२३९७३७ | ११ | SLR-३ म्या.-९, रा.-३००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| २. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ सदुरमुकाम बजार ईलाका | सप्रनानि | चित्र बहादुर खड्का | GQ-3 | ९८४१४०८०९४ | ११ | SLR-३ म्या.-९, रा.-३००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| ३. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | यस कार्यालमा स्टेनबाई | सप्रनि | सत्य कुमार बुढाथोकी | GQ-२ | ९८५७८८९००० | १३ | SLR-३ म्या.-९, रा.-३००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-९,लाठी-९,ढाला-९,हेल्मेट- १३ | |
| ४. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | कमाण्ड पोष्ट (जिल्ला प्रशासन कार्यालय) | सप्रनाउ | सुदन आचार्य | GQ-१ | ९८५१०६३३४८ | ७ | SLR-२ म्या.-६, रा.-२००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |

## ग) क्यू.आर. टी. डियुटीः-

| से.नं. | खटिने युनिट | ड्यूटी खटीने ईलाका | कमाण्डरको | | कलसाईन | सम्पर्क नं. | न फ्रि | हा.ह.तथा असभावका सामानहरु | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्जा | नामथर | | | | | |
| १. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ र ६ सदुरमुकाम बजार ईलाका | सप्रनानि | चित्र बहादुर खड्का | GQ-3 | ९८४१४०८०९४ | ११ | SLR-३ म्या.-६, रा.-२००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| २. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ सदुरमुकाम बजार ईलाका | सप्रसनि | तारा चन्द्र शर्मा | GQ-5 | ९८४५२३९७३७ | ९ | SLR-२ म्या.-६, रा.-२००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| ३. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | यस कार्यालमा स्टेनबाई | सप्रनि | सत्य कुमार बुढाथोकी | GQ-२ | ९८५७८८९००० | १३ | SLR-३ म्या.-९, रा.-३००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-९,लाठी-९,ढाला-९,हेल्मेट- १३ | |
| ४. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | कमाण्ड पोष्ट (जिल्ला प्रशासन कार्यालय) | सप्रनाउ | सुदन आचार्य | GQ-१ | ९८५१०६३३४८ | ७ | SLR-२ म्या.-६, रा.-२००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |

## घ) स्टेन्डबाई डियुटीः-

| से.नं. | खटिने युनिट | ड्यूटी खटीने ईलाका | कमाण्डरको | | कलसाईन | सम्पर्क नं. | न फ्रि | हा.ह.तथा असभावका सामानहरु | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्जा | नामथर | | | | | |
| १. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ र ६ सदुरमुकाम बजार ईलाका | सप्रनानि | चित्र बहादुर खड्का | GQ-3 | ९८४१४०८०९४ | ११ | SLR-३ म्या.-९, रा.-३००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| २. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | यस कार्यालमा स्टेनबाई | सप्रनि | सत्य कुमार बुढाथोकी | GQ-२ | ९८५७८८९००० | १३ | SLR-३ म्या.-९, रा.-३००, ग्यौंस गन-१, सेल-१५, बडि.प्रो.-९,लाठी-९,ढाला-९,हेल्मेट- १३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | कमाण्ड पोष्ट (जिल्ला प्रशासन कार्यालय) | सप्रनाउ | सुदन आचार्य | GQ-१ | ९८५१०६३३४८ | ७ | SLR-२ म्या.-६, रा.-२००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |

## ङ) रिर्जभ डियुटीः-

| सि.नं. | खटिने युनिट | ड्यूटी खटीने ईलाका | कमाण्डरको | | कलसाईन | सम्पर्क नं. | नफ्रि | हा.ह.तथा असभावका सामानहरु | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्जा | नामथर | | | | | |
| १. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ र ६ सदुरमुकाम बजार ईलाका | सप्रनानि | चित्र बहादुर खड्का | GQ-3 | ९८४१४०८०९४ | ११ | SLR-३ म्या.-९, रा.-३००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| २. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ सदुरमुकाम बजार ईलाका | सप्रसनि | तारा चन्द्र शर्मा | GQ-5 | ९८४५२३९७३७ | ९ | SLR-२ म्या.-६, रा.-२००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| ३. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | यस कार्यालमा स्टेनबाई | सप्रनि | सत्य कुमार बुढाथोकी | GQ-२ | ९८५७८८९००० | १३ | SLR-३ म्या.-९, रा.-३००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-९,लाठी-९,ढाला-९,हेल्मेट- १३ | |

## च) बन्द हडताल डियुटीः-

| सि.नं. | खटिने युनिट | ड्यूटी खटीने ईलाका | कमाण्डरको | | कलसाईन | सम्पर्क नं. | नफ्रि | हा.ह.तथा असभावका सामानहरु | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्जा | नामथर | | | | | |
| १. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ र ६ सदुरमुकाम बजार ईलाका | सप्रनानि | चित्र बहादुर खड्का | GQ-3 | ९८४१४०८०९४ | ११ | SLR-३ म्या.-९, रा.-३००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| २. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | सिस्ने गा पा ५ सदुरमुकाम बजार ईलाका | सप्रसनि | तारा चन्द्र शर्मा | GQ-5 | ९८४५२३९७३७ | ९ | SLR-२ म्या.-६, रा.-२००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| ३. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | यस कार्यालमा स्टेनबाई | सप्रनि | सत्य कुमार बुढाथोकी | GQ-२ | ९८५७८८९००० | १३ | SLR-३ म्या.-९, रा.-३००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-९,लाठी-९,ढाला-९,हेल्मेट- १३ | |
| ४. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | कमाण्ड पोष्ट | सप्रनाउ | सुदन आचार्य | GQ-१ | ९८५१०६३३४८ | ७ | SLR-२ म्या.-६, रा.-२००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |

## छ) बिपद प्रकोप डियुटीः-

| सि.नं. | खटिने युनिट | ड्यूटी खटीने ईलाका | कमाण्डरको | | कलसाईन | सम्पर्क नं. | नफ्रि | हा.ह.तथा असभावका सामानहरु | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्जा | नामथर | | | | | |
| १. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | रुकुम पूर्व | सप्रनि | सत्य कुमार बुढाथोकी | GQ-२ | ९८५७८८९००० | १५ | SLR-३ म्या.-९, रा.-३००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| २. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | रुकुम पूर्व | सप्रनानि | चित्र बहादुर खड्का | GQ-3 | ९८४१४०८०९४ | ११ | SLR-२ म्या.-६, रा.-२००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-४,लाठी-४,ढाला-४,हेल्मेट- ७ | |
| ३. | सप्रबल नेपाल गुल्म हे. क्वा पुर्वि रुकुम | यस कार्यालमा स्टेनबाई | सप्रसनि | तारा चन्द्र शर्मा | GQ-5 | ९८४५२३९७३७ | ९ | SLR-३ म्या.-९, रा.-३००, ग्याँस गन-१, सेल-१५, बडि.प्रो.-९,लाठी-९,ढाला-९,हेल्मेट- १३ | |